# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०६/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौंका सिनियर डिभिजनल ईन्जिनियर वर्ष ४५ का सचिन्द्रकुमार यादव समेत २ जना मु.नं (०८२-CR-०००७) फैसला मिति २०८२/१२/०८</td>
<td>गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• पर्यटन विभागमा कार्यरत सिनियर डिभिजनल इन्जिनियर सचिन्द्र कुमार यादवले सार्वजनिक पद धारण गरेको मिति२०६६।०२।२४ देखि निजले आयोग समक्ष सम्पत्ति विवरण (१३ पाने) पेश गरेको मिति२०७९।०४।२९ गते सम्मको जाँच अवधिमा सार्वजनिक पदको दुरुपयोग गरी रु.९६,८५,५५३।१९ (अक्षरेपि छयानब्बे लाख पचासी हजार पाँच सय त्रिपन्न रूपैया उन्नाईस पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी आशा कुमारी यादवको नाममा समेत राखेको देखिएको हुँदा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिए बमोजिमको कसुरमा विगो रू.९६,८५,५५३।१९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र बिगोबमोजिम जरिवाना हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको विगो बराबरको</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br><u>ब्यय शिर्षकको हकमाः-</u><br>• घरको निर्माण खर्चमा १५ प्रतिशत ओभरहेड खर्च र ५ प्रतिशत ठेक्का कर गरी जम्मा २० प्रतिशत घटाइ बिगो कायम हुने न्यायिक मान्यता रहेको भनी घर निर्माण खर्चको रकम रु.८४,२५,९७१।०४ मध्येबाट २० प्रतिशत रकम रु.१६,८५,१९४।२० लाई घर निर्माण खर्च शिर्षकबाट घटाइएको।<br>• इलेक्ट्रिकल उपकरण खरीदमा बिम कन्सल्टेन्ट प्रा.लि.का तर्फबाट बिल रकम रु.२,७२,०००।— भुक्तानी भएकोले देखिएकाले प्रतिवादीको ब्यय शिर्षक अन्तर्गत घर निर्माण खर्च शीर्षकबाट उक्त रकम घटाइएको।<br>• निर्मित घरमा प्रयोग भएका इन्टेरियर डेकोरेशनका हकमा सोही समयको मूल्यलाई आधार बनाइएको भनिए पनि लामो समय पछि अर्थात् आरोपपत्र दायर गरिनु अघि गरिने मूल्यांकन आफैंमा वस्तुपरक नहुन पनि सक्दछ।व्यक्ति आफैंले आफ्ना लागि त्यसको व्यवस्थापन गर्दा किफायती तरिकाले गर्ने भएकाले वादीले गणना गरेको मूल्यांकन रकमको आधा अर्थात् रु.४,३४,३७२।- लाई मात्र व्यय कायम गरिनु न्यायोचित हुने भनी घर निर्माण खर्च शिर्षकबाट उक्त रकम घटाइएको।<br>• प्रस्तुत मुद्दाको अनुसन्धानका क्रममा प्रतिवादीले सम्पत्ति विवरण बुझाउनु अघि नै अस्तित्वमा नरहेको रकमलाई व्ययका रुपमा गणना गर्न मिल्ने नदेखिँदा बैंक खाताबाट झिकेको रकम रु.९,००,०००। लाई घटाउनु पर्ने भनी उक्त रकम झिकिएको।<br><br><u>आय शिर्षकको हकमाः-</u><br>• आरोपपत्रमा घर निर्माण गर्दा स्रोतपुष्टि नभएको भनी प्राप्त घर बहाल आयलाई समेत सोही अनुपातमा घटाई आए कायम गरेको मिलेको नदेखिदा घर बहाल आय पुरै नै रु.२५,९२,०००।- लाई आयमा समावेश गरिनु पर्ने।<br>• जाँच अबधिलाई खण्डीकरण नगरी समग्रतामा मूल्यांकन गरिनु पर्नेमा खरिद गर्दाका बखतमा स्रोत पुष्टि नभएको भनी बिक्री भएको शेयरबाट भएको आम्दानीलाई बाहेक गर्न नमिल्ने तसर्थ प्रारम्भमै स्रोत नखुलेको भनी आयमा समावेश गर्न इन्कार गरेको रु.१८,४०,५१६।४० र आरोपपत्रमा उल्लेख नै नगरिएको रु.७,६९,५६२।७९ समेत गरी जम्मा रु.१,३२,१८,६४५।०० लाई शेयर बिक्रीबाट प्राप्त आयमा समावेश गरिनु पर्ने।<br>• प्रतिवादी सचिन्द्रकुमार यादवले परामर्श सेवा उपलब्ध गराउनका लागि सहमति लिएको हुँदा आय आर्जन गर्न मिल्ने नै देखिन्छ।प्रतिवादीले विम कन्सल्टेन्ट प्रा.लि. जस्तै ड्रिम जियो ल्याब प्रा.लि., जियोकम नेपाल कन्सल्ट प्रा.लि. र बिम सिमेका नेसनल जे.भि. समेतका संस्थामा परामर्श सेवा प्रदान गरी कूल रु.५,१०,०००। आय आर्जन गरेको</td>
<td>• आरोप पत्र अनुसार, प्रतिवादी सचिन्द्र कुमार यादवले सार्वजनिक सेवाको पदमा कार्यरत रहँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीहरुको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रबाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यवस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा, निज प्रतिवादी सचिन्द्र कुमार यादव सार्वजनिक सेवामा प्रवेश गरेको मिति२०६६।०२।२४ देखि निजले आयोग समक्ष सम्पत्ति विवरण (१३ पाने) पेश गरेको मिति२०७९।०४।२९ सम्मको अनुसन्धान जाँच अवधिको समग्र आय व्यय निम्न बमोजिम देखिन्छः-<br><br><u>आय व्ययको विवरण</u><br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">आय</th><th colspan="2">व्यय</th></tr>
<tr><th>आय शीर्षक</th><th>जम्मा आय रकम रु.</th><th>व्यय शीर्षक</th><th>जम्मा व्यय रकम रु.</th></tr>
<tr><td>१.</td><td>तलब</td><td>२९,३९,५९७.८५</td><td>घर निर्माण खर्च</td><td>९५,९८,७१५.१०</td></tr>
<tr><td>२.</td><td>दैनिक भ्रमण भत्ता</td><td>३,६१,२७५.६०</td><td>घर कर्जा भुक्तानी</td><td>१४,७०,०००.००</td></tr>
<tr><td>३.</td><td>बैठक भत्ता</td><td>१०,१६,७७०.००</td><td>जग्गा खरिद</td><td>३०,६९,७५९.०४</td></tr>
<tr><td>४.</td><td>घर बहाल आय</td><td>१२,८४,०७६.८०</td><td>बीमा प्रिमियम</td><td>१२,१९,८६२.००</td></tr>
<tr><td>५.</td><td>घर कर्जा</td><td>२९,२८,०००.००</td><td>शेयर खरिद</td><td>१,५५,५९७२३.९४</td></tr>
<tr><td>६.</td><td>शेयर बिक्री</td><td>१,०६,०८,५६५.८१</td><td>शैक्षिक खर्च</td><td>११,२३,४७२.००</td></tr>
<tr><td>७.</td><td>बीमा म्याच्यूरिटि</td><td>१,७०,११९.००</td><td>कर्जा तिरेको</td><td>६,०५,४७२.९५</td></tr>
<tr><td>८.</td><td>अन्य आय - सम्पर्क अधिकृतको रुपमा कार्य</td><td>१३,६८,६८५.५०</td><td>अन्य खर्च- बैंक खाताबाट झिकेको</td><td>९,००,०००.००</td></tr>
</table>
</td>
</tr>
</table>

सम्पत्ति जफत हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा समेत निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी यसरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुन समेत मागदावी लिईएको देखिन्छ।त्यसैगरी प्रतिवादीले श्रीमती आशा कुमारी यादवको नाममा घरजग्गासमेत खरीद गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम उक्त सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र निज आशा कुमारी यादवलाई प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोप पत्र दायर भएको देखिन्छ।

देखिन्छ। कर कट्टी गरिनु पर्ने कर समेत दाखिला गरी प्राप्त गरेको उल्लेखित रकमलाई आयमा गणना गर्न मिल्ने नै भएकाले वादी पक्षले स्वीकार गरेको मापदण्ड अनुसार नै ७० प्रतिशत बचत मानी आयमा समावेश गर्दा प्रतिवादीको आयमा रु.३,५७,०००।- थप हुने।

- प्रतिवादी सचिन्द्र कुमार यादव सेवामा प्रवेश गर्नु पूर्व EnGen Consultancy, जावलाखेल ललितपुरमा कार्यरत रही मिति२०६४/५/१ देखि २०६६/१/३० सम्म कार्यरत रहँदा मासिक रु.१४,५००।- का दरले पारिश्रमिक तथा दैनिक रु.८५०।- का दरले फिल्ड भत्ता प्राप्त गरेको प्रमाण कागज समेतबाट देखिएकोले निजले प्राप्त गरेको कुल रकम रु.४,४९,९००।— मध्ये आयोगले निर्धारण गरेको मापदण्ड अनुसार नै ७० प्रतिशत बचत मान्दा हुन आउने रु.३,१४,९३०।— लाई प्रतिवादीको आयमा गणना गरिनु पर्ने।
- आर्क इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.का तर्फबाट उपलब्ध विवरण अनुसार कर कट्टी गरेको विवरण समेत समावेश भएको र सो तथ्य कर कार्यालयको विवरणबाट समेत समर्थित भएको हुँदा प्रस्तुत मुद्दाको अनुसन्धान नै प्रारम्भ नभएको अवस्थामा नियमित र स्वाभाविक रुपमा स्रोतमै कर कट्टा समेत गरी भुक्तानी गरिएको देखिएको हुँदा प्रतिवादी आशाकुमारी यादवले आर्क इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.बाट रु.१८,४६,०००।- पारिश्रमिक बुझेको देखिन्छ।सगोलमै रहेकी यी प्रतिवादी आशाकुमारी यादवको हकमा जीवन निर्वाह खर्च भनी पुनः छुट्याउनु पर्ने अवस्था नरहेकाले निजले पारिश्रमिक वापत प्राप्त गरेको पूरै रकम रु.१८,४६,०००।- लाई प्रतिवादीको आयमा समावेश गरिनु पर्ने।
- प्रतिवादी पक्षले रु.५,००,०००। रकमको जिकिर लिएको अवस्था भए पनि त्यसको आधा अर्थात् रु.२,५०,०००। सम्मलाई टिकाटालाबाट प्राप्त गरेको रकमका रुपमा मान्यता दिई त्यसलाई प्रतिवादीको आयमा समावेश गरिनु न्यायोचित नै हुने।

**विशेष अदलतवाट उपरोक्त अनुसार विश्लेषण गरि प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न बमोजिम कायम हुने ठहर गरि फैसला भएको देखिन्छः**

| **आय तर्फ** | | | **व्यय तर्फ** | | |
|---|---|---|---|---|---|
| **क्र. स** | **शिर्षक** | **रकम (रु.)** | **क्र. स** | **शिर्षक** | **रकम (रु.)** |
| १ | तलब | २९३९५९७.८५ | १ | घर निर्माण खर्च | ७२०७१४८.९० |
| २ | दैनिक भ्रमणभत्ता | ३६१२७५.६० | २ | घर कर्जा भुक्तानी | १४७००००.०० |
| ३ | बैठक भत्ता | १०१६७७०.०० | ३ | जग्गा खरीद | ३०६९७५९.०४ |

| | | | | |
|---|---|---|---|---|
| | गर्दाको आय | | | |
| ९. | जग्गा बिक्री आय | १९,२४,०१२.५० | बैंक मौज्दात | २९,५७,४४८.८८ |
| १०. | कृषि आय | २८,७४,९८४.९६ | | |
| ११. | परामर्शदाताको रुपमा काम गर्दा प्राप्त आय | ४,३१,३७५.०० | | |
| १२. | ब्याज आय | ४,११,४३७.७० | | |
| १३. | कर्जा लिएको | ५,००,०००.०० | | |
| **जम्मा** | | **२,६८,१८,९००.७२** | | **३,६५,०४,४५३.९१** |
| **न्यून (कूल ऋणात्मक) रकम** | | | (९६,८५,५५३।१९ ) | |

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्रतिवादी सचिन्द्रकुमार यादव र निज श्रीमती आशाकुमारी यादवको नाममा रहेको सम्पतिको विश्लेषण गर्दा निजहरु आयलाई विभिन्न १३ वटा शिर्षक विश्लेषण गरि जम्मा रू.२,६८,१८,९००.७२ आयमा गणना गरिएकोमा प्रतिवादी सचिन्द्रकुमार यादवको घर वहाल आय शेयर विक्री आय र परामर्शदाताको रुपमा काम गर्दाको आयमा अदालतवाट फरक तवरवाट गणना गरि बढी आय कायम गरेको देखिन्छ भन्ने प्रतिवादीले अदालतमा पछीवाट थप आयका शिर्षक भनि दावी गरिएका सेवा पुर्वको आय, श्रीमती आशा कुमारी यादबको पारिश्रमिक आय र टिकाटालबाट प्राप्त आय शिर्षक समेतलाई थप आयको रुपमा गणना गरि प्रतिवादीको आय रु. ३,३५,०४,८३३.११ कायम गरि बढी गणना गरि फैसला भएको देखिदा मुख मिलेका शिर्षक बाहेकमा उपरोक ६ वटा आयका शिर्षक अदालतवाट फैसला गर्दा आय गणना हुने ठहर गरि भएको जिकिरको हकमा उक्त आय शिर्षकहरुलाई निम्न अनुसार विश्लेषण गरिएको छ।

- **<u>प्रतिवादीको घर बहाल आय शिर्षकको हकमा</u>ः** प्रतिवादी सचिन्द्रकुमार यादवको श्रीमती आशाकुमारी यादवको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर, ललितपुर २घ सानेपा स्थित कि.नं. १६४८ र क्षेत्रफल ०-४-०-० भएको जग्गामा निर्मित घरको बेसमेन्ट सहित २,२८८.४ ब.फि. क्षेत्रफल बिम कन्सल्टेन्ट प्रा.लि. लाई भाडामा दिएबापत कर कट्टी पश्चात प्राप्त गरेको कूल बहाल आय मध्ये उक्त घर निर्माणको क्रममा भएको कूल खर्च मध्ये खर्चको स्रोत पुष्टि भएको अनुपातमा (उक्त घर निर्माणको क्रममा भएको कूल खर्च/लगानी मध्ये ४९.५४ प्रतिशत खर्चको मात्र

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घरबहाल आय | २५९२०००.०० | ४ | बीमा प्रिमियम | १२१९८६२.०० |
| ५ | घर कर्जा | २९२८०००.०० | ५ | शेयर खरीद | १५५५९७२३.९४ |
| ६ | शेयर बिक्री | १३२१८६४५.०० | ६ | शैक्षिक खर्च | ११२३४७२.०० |
| ७ | बीमा म्याच्यूरिटि | १७०११९.०० | ७ | कर्जा तिरेको | ६०५४७२.९५ |
| ८ | अन्य आय-सम्पर्क अधिकृतको रुपमा कार्य गर्दाको आय | १३६८६८५.५० | ८ | अन्य खर्च बैंक खाताबाट झिकेको | ०.०० |
| ९ | जग्गा बिक्री आय | १९२४०१२.५० | ९ | बैंक मौज्दात | २९५७४४८.८८ |
| १० | कृषि आय | २८७४९८४.९६ | | | |
| ११ | परामर्शदाताको रुपमा काम गर्दा प्राप्त आय | ७८८३७५.०० | | | |
| १२ | ब्याज आय | ४११४३७.७० | | | |
| १३ | कर्जा लिएको | ५०००००.०० | | | |
| १४ | सेवा पूर्व आय | ३१४९३०.०० | | | |
| १५ | आशाकुमारी यादवको परिश्रमिक | १८४६०००.०० | | | |

स्रोत पुष्टि भएको वाँकी खर्चको  श्रोत पुर्ण नभएको) आय गणना गर्दा जाँच अबधिमा निजहरुले घर बहालबाट आर्जन गरेको कूल आय मध्ये घर निर्माणका क्रममा भएको खर्च मध्ये स्रोत पुष्टी भएको खर्चको अनुपातमा आय गणना गर्दा कायम हुन आउने कूल रकम रु.१२,८४,०७६।८० लाई निजहरुको घर बहाल आयमा गणना गरिएकोमा विशेष अदालतवाट फैसला गर्दा जाँच अबधिलाई खण्डिकरण नगरी समग्रतामा आय व्ययको मूल्यांकन गरि घर निर्माणको क्रममा भएको खर्चलाई पुरै स्रोत हुने ठहर गरि सो  घरको बहाल स्वरुप प्राप्त भएको पूरै रकम अर्थात् रु.२५,९२,०००।- लाई आयमा समावेश गरि गणना गरेको देखिन्छ।यसरी गैर कानुनी तवरवाट आर्जन गरेको सम्पत्तिबाट भएको आयलाई समेत कानुनी आयमा मान्यता दिदै जाने हो भने गैरकानुनी कार्यले प्रश्रय पाउने हुँदा प्रस्तुत फैसला त्रुटिपूर्ण देखिन्छ।यसै सन्दर्भमा, नेपाल सरकार विरुद्ध युवराज शर्मा भएको (ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६) मुद्दामा “**आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ।त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन।बढे बढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ,जुन कानूनसम्मत हुन नसक्ने**” त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ भएको भ्रष्टाचार मुद्दा (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९) मा “**कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्ने पर्ने हुन्छ**” भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ। त्यस्तै सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. खुमबहादुर खड्का समेत भएको भ्रष्टाचार मुद्दा (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२) मा “**जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि स्वतः अवैध हुने**” भन्ने सिद्धान्त प्रतिपादन भएको देखिदा देखिदै उक्त नजिर सिद्धान्तहरु प्रतिकूल हुने गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदर भागी छ।

- **शेयर बिक्री आय**:  आरोप पत्रमा उल्लेखित निभ सेक्यूरिटिज प्रा.लि.को मिति २०७९।१२।१२ गतेको पत्रसाथ प्राप्त विवरण हेर्दा निज प्रतिवादी सचिन्द्र कुमार यादवको सो प्रा.लि. मा रहेको शेयर खरिद बिक्रीको ब्यक्तिगत विवरण (Personal Ledger Statement) बमोजिम निजले सो प्रा.लि. मार्फत धितोपत्रको दोश्रो बजारमा कारोबार भएको कम्पनीहरुको शेयर बिक्री वापतको कूल रकम रु.१,०६,०८,५६५।८१ (एक करोड छ लाख आठ हजार पाँच सय पैंसट्ठी रुपैया एकासी पैसा) लाई निजको शेयर बिक्री वापतको आयमा गणना गरिएको र शेयरहरु खरिद गर्दाको सम्पूर्ण रकमको स्रोत पुष्टि भएको नदेखिएकोले शेयरहरु बिक्री वापतको कूल रकम रु.१८,४०,५१६।४० को श्रोत नखुलेकोले निजको आयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | आय | | | | |
| १६ | टिकाटालाबाट प्राप्त रकम | २५००००.०० | | | |
| | जम्मा | ३३५०४८३३.११ | | जम्मा | ३३२१२८८७.७१ |
| **व्यय भन्दा आय वढी** | | | | | २९१९४५.४० |

गणना नगरिएकोमा विशेष अदालतबाट फैसला गर्दा प्रारम्भ मै स्रोत नखुलेको भनी आयमा समावेश गर्न इन्कार गरेको रु.१८,४०,५१६।४० र प्रतिवादीले शेयर बिक्री आय वापत थप दावी गरेको रु.७,६९,५६२।७९ समेत गरी जम्मा रु.१,३२,१८,६४५।०० लाई शेयर विक्री आयमा गणना गरी फैसला भएको देखिन्छ। प्रतिवादी सचिन्द्र कुमार यादवले मिति २०७७।११।१३ र २३ गते Gurkhas Finance Ltd. को १९७६ कित्ता, मिति २०७८।०२।१९ गते United Modi Hydropower Ltd. को ३,००० कित्ता र मिति २०७८।०२।२३ गते Radhi Bidyut Company Ltd. को ५०० कित्ता शेयर खरिद गर्दाको सम्पूर्ण रकमको स्रोत पुष्टि भएको नदेखिएको हुँदा उक्त शेयरहरु मध्ये मिति २०७७।०५।०७ गते Gurkhas Finance Ltd. को १,०१० कित्ता शेयर बिक्री बापतको रकम रु.१,१९,८६१। ७८, मिति २०७८। ०२। २५ गते United Modi Hydropower Ltd. को ३,००० कित्ता शेयर बिक्रीको वापतको रकम रु.११,१५,६८३। ९२ र मिति २०७८।०३।०९ गते Radhi Bidyut Company Ltd. को ५०० कित्ता शेयर बिक्रीको रकम रु.६,०४,९७०। ७० गरी उक्त शेयरहरु बिक्री वापतको कूल रु.१८,४०,५१६।४० रकमलाई निजको आयमा गणना नगरिएको हुँदा प्रतिवादीको जिकिर अनुसार सम्पूर्ण रकम यस शीर्षकमा समावेश गर्नुपर्ने देखिँदैन। यसै सन्दर्भमा, "**सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुने**" भनी नेपाल सरकार विरुद्ध उमेश कुमार रेग्मी समेत ने.का.प.२०७२,अंक१२, नि.नं. ९५०५ मा प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल हुने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण देखिदा बदर भागी छ।

- **<u>परामर्शदाताको रुपमा काम गर्दा प्राप्त आय</u>**: आरोप पत्रमा बिम कन्सलटेन्ट प्रा.लि.को मिति २०७९।०५।०२ गतेको पत्रानुसार सचिन्द्र कुमार यादवले परामर्शदाताको रुपमा सो प्रा.लि.मा आंशिक काम गरे बापत कर कट्टी पश्चात प्राप्त गरेको रकमको ७० प्रतिशत वचत मानी जाँच अबधिमा निजले आर्जन गरेको आय रकम **रु.४,३१,३७५।-(चार लाख एकत्तीस हजार तीन सय पचहत्तर रुपैया)** लाई निजको परामर्शदाताको रुपमा काम गर्दा प्राप्त आयमा गणना गरिएकोमा विशेष अदालतवाट फैसला गर्दा ड्रिम जियो ल्याब प्रा.लि., जियोकम नेपाल कन्सल्ट प्रा.लि. र बिम सिमेका नेसनल जे.भि.समेतका संस्थामा परामर्श सेवा प्रदान गरी कूल रु.५,१०,०००।- आय आर्जन गरेको देखिन्छ।कर कट्टी गरिनु पर्ने कर समेत दाखिला गरी प्राप्त गरेको उल्लेखित रकमलाई आयमा गणना गर्न मिल्ने नै भएकाले वादी पक्षले स्वीकार गरेको मापदण्ड अनुसार नै ७० प्रतिशत बचत मानी आयमा समावेश गर्दा प्रतिवादीको आयमा रु.३,५७,०००।- थप हुने भनी फैसला भएको देखिन्छ।तर निजले जियोकम नेपाल कन्सल्ट प्रा. लि. र ड्रिम जियो ल्याब प्रा. लि.मा समेत आंशिक रुपमा कार्य गरी रु.३,४०,०००।- आय आर्जन गरेको भनी दाबी गरेको भएतापनि उक्त कम्पनीहरुमा कार्य गरेको र निजले दाबी गरे बमोजिमको रकम प्राप्त गरेको भन्ने पुष्टि हुन सकेको अवस्था छैन।साथै, सम्बन्धित कम्पनीहरुको संचालक/प्रबन्ध निर्देशकहरुले समेत आयोगबाट सोधपुछको सिलसिलामा रकम भुक्तानी गरेको यकिन विवरण उपलब्ध गराउन नसकेको अवस्थामा निज सचिन्द्र कुमार यादवले गैरकानूनी रुपमा आर्जन गरेको आयलाई ढाकछोप (Cover-up) गर्ने

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मनसायले मात्र त्यस्तो आय दाबी लिएकोमा उक्त दावी पुष्टि गर्ने अकाट्य प्रमाणहरुको अभावमा निज प्रतिवादीले पेश गरेको प्रमाणको थप परिक्षण र पुष्ट्याई सम्म नगरी प्रतिवादीलाई सफाई दिने मनोभावले भएको प्रस्तुत फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• <u>**सेवा पुर्व आय**</u>ः प्रतिवादी सचिन्द्र कुमार यादव सेवामा प्रवेश गर्नु पूर्व EnGen Consultancy, जावलाखेल ललितपुरमा कार्यरत रही मिति२०६४/५/१ देखि २०६६/१/३० सम्म कार्यरत रहँदा मासिक रु.१४,५००।- का दरले पारिश्रमिक तथा दैनिक रु.८५०।- का दरले फिल्ड भत्ता प्राप्त गरेको प्रमाण कागज समेतबाट देखिएकोले निजले प्राप्त गरेको कुल रकम रु.४,४९,९००।– मध्ये आयोगले निर्धारण गरेको मापदण्ड अनुसार नै ७० प्रतिशत बचत मान्दा हुन आउने रु.३,१४,९३०।– लाई प्रतिवादीको आयमा गणना गरिनु पर्ने फैसला भएको देखिन्छ तर निज प्रतिवादी सचिन्द्र कुमार यादवले यस आयोग समक्ष मिति २०७९।०४।२९ मा १३ पाने सम्पत्ति विवरणमा सार्वजनिक सेवामा प्रवेश गर्नु पूर्व विभिन्न निजी फर्ममा कार्य गर्दा प्राप्त तलब भत्ताबाट रकम रु.४,४९,९००।- आय आर्जन गरेको भनी दाबी गरेको भएता पनि आय आर्जन गरेको पुष्टि हुने कागजात एवं सार्वजनिक सेवामा प्रवेश गर्दा उक्त रकम बचत भएको पुष्टि हुने कुनै पनि कागजात अनुसन्धानको सिलसिलामा पेश गर्न नसकेको हुँदा उक्त रकमलाई निजको आयमा गणना नगरिएकोमा अदालत समक्ष निजले बयानमा जिकिर लिएकै भरमा उक्त आय पुष्टि हुने प्रमाणहरु अभावमा नै प्रतिवादीको आयमा थप गर्ने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• <u>**प्रतिवादी आशा कुमारी यादवको पारिश्रमिक**</u>ः प्रतिवादी पक्षले पेश गरेको सम्बन्धित कम्पनीका तर्फबाट उपलब्ध विवरण अनुसार कर कट्टी गरेको विवरण समेत समावेश भएको र सो तथ्य कर कार्यालयको विवरणबाट समेत समर्थित भएको हुँदा प्रतिवादी आशाकुमारी यादवले आर्क इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.बाट रु.१८,४६,०००।- पारिश्रमिक बुझेको देखिन्छ।यस अघि प्रतिवादी मध्येका सचिन्द्रकुमार यादवले प्राप्त गरेको पारिश्रमिक समेतको आयमा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी बाँकी रहेको ७० प्रतिशत रकमलाई बचत मानी आयमा गणना गरिएको अवस्था हुँदा सगोलमै रहेकी यी प्रतिवादी आशाकुमारी यादवको हकमा जीवन निर्वाह खर्च भनी पुनः छुट्याउनु पर्ने अवस्था नरहेकाले निजले पारिश्रमिक वापत प्राप्त गरेको पूरै रकम रु.१८,४६,०००।- लाई प्रतिवादीको आयमा समावेश गर्ने भनी फैसला भएको देखिन्छ।तर अनुसन्धानको क्रममा निज प्रतिवादी आशा कुमारी यादव आर्क इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. को कर्मचारी रहे/नरहेको र कर्मचारी भई कार्य गरेको भए के कति तलब भत्ता वापत भुक्तानी गरेको भनी एकिन विवरण उपलब्ध गराउनका लागि पत्राचार गर्दा उक्त प्रा.लि. को कार्यालय फेला नपरी पत्रसमेत फिर्ता आयको अवस्था छ भने निज प्रतिवादी आशा कुमारी यादव कार्यालयमा उपस्थित भएको देखिने हाजिरी विवरण, कार्य विवरण, रकम बुझिलिएको पुष्टि हुने भर्पाई, बैंकमा रकम जम्मा गरेको/भुक्तानी भएको पुष्टि हुने कागजात समेत निज प्रतिवादीहरुले पेश गर्न सकेको अवस्था छैन।सामान्यतया कानूनी व्यक्तिको आयमा २५ प्रतिशत आयकर दर लागु हुने हुँदा आयकर दायित्व कम गर्न झुट्टा (dummy) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कर्मचारी खडा गरी कर्मचारीको पारिश्रमिक खर्चमा १ प्रतिशत मात्र सामाजिक सुरक्षाकर तिरेर कम आय तथा आयकर निर्धारण गर्ने प्रवृत्ति/अभ्यास व्याप्त रहेको वास्तविक धरातलमा व्यक्तिले यथार्थमै काम गरेको हो होइन, काम गरेर पारश्रमिक प्राप्त गरेको हो होइन वा रोजगारदाताले आयकर दायित्व कम गर्न/कर छली गर्नका लागि मात्रै झुट्टा (dummy) कर्मचारीको नाममा पारिश्रमिकमा करकट्टी गरेको हो भन्ने निक्यौंल गर्न प्रमाणको थप परिक्षण र पुष्ट्याई नगरी आयमा कर कट्टी गरेर दाखिला गरेकै आधारमा आयलाई मान्यता दिदै जाने हो भने गैरकानुनी आयलाई शुद्धीकरण गर्ने तथा कानूनी व्यक्तिले करछली गर्ने कार्यले प्रश्रय पाउने अवस्था समेत देखिन्छ। तसर्थ, प्रतिवादीहरुले कसूरबाट उन्मुक्ति पाउने अभिप्रायले भौतिक रुपमा अस्तित्वमा नरहेको नभएको कार्यालयको पछि निर्माण गरिएका बनावटी पत्रको आधार र कार्यालयमा तिरिएको करको आधार लिई प्रतिवादीलाई सफाई दिने गरी विशेष अदालतवाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• **<u>टिकाटालाबाट प्राप्त रकम</u>**ः चाडपर्वमा दिएको दान दक्षिणा, टिकाटालोको रकम दिने पाउने हाम्रो धार्मिक, सामाजिक, सांस्कृतिक संस्कार परम्परा रितिरिवाज बमोजिम चलिआएको कुरा भएकाले आय गणना गरिनुपर्ने भनी प्रतिवादी पक्षले रु.५,००,०००।- रकमको जिकिर लिएको अवस्थामा त्यसको आधा अर्थात् रु.२,५०,०००।- सम्मलाई टिकाटालाबाट प्राप्त गरेको रकमका रुपमा मान्यता दिने भनी फैसला भएको छ। तर निज प्रतिवादीहरुले अनुसन्धानको वयानका क्रममा आयको यस शिर्षकमा कुनै जिकिर नलिएको परिस्थितिमा तथ्य र प्रमाणको अभावमा पनि अदालतबाट अनुमानको भरमा थप आय कायम गर्ने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• **<u>प्रतिवादीको व्यय शिर्षक तर्फ</u>**-ः<br>• **<u>घर निर्माण खर्चः</u>** आरोपपत्रमा प्रतिवादी आशा कुमारी यादवको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर वडा नं. २ सानेपा स्थित कि.नं. १६४८ को क्षेत्रफल ०-४-०-० भएको जग्गामा निर्माण भएको भवनको यस आयोगका प्रतिवेदकहरुबाट भएको मूल्याङ्कन प्रतिवेदन बमोजिम प्रस्तुत जाँच अवधिको आर्थिक बर्ष २०७२।७३ मा निर्माण भएको उक्त भवनको निर्माण लागत रु.८४,२५,९७१।०४, इलेक्ट्रिकल उपकरणको लागत रकम रु.३,०४,०००।- र Interior decoration तथा फर्निचरको लागत रकम रु.८,६८,७४४।०६ समेत गरी उक्त भवन निर्माणका लागि लागेको लागत रकम कूल रु.९५,९८,७१५।१० लाई व्ययमा गणना गरिएको देखिन्छ। तर अदालतबाट फैसला गर्दा, घर निर्माण लागत भनी कायम गरिएको रु.८४,२५,९७१।०४ को २० प्रतिशतले कट्टी रकम रु.१६,८५,१९४।२० कम गरी घर निर्मा खर्च कायम भएको छ त्यसै गरी, इलेक्ट्रिकल उपकरणको लागत रकम रु.३,०४,०००।— मा बिम कन्सल्टेन्ट प्रा.लि.का तर्फबाट भुक्तानी भएको भन्ने बिल समेतबाट पुष्टि भएकोले रु.२,७२,०००।— लाई कट्टी गरी इलेक्ट्रिकल उपकरणतर्फको खर्च रु.३२,०००। मात्र कायम गरिएको छ भने फर्निचर तथा इन्टेरियर डेकोरेशन तर्फको रु.८,६८,७४४।०६ मा व्यक्ति आफैंले आफ्ना लागि समान व्यवस्थापन गर्दा किफायती तरिकाले गर्ने भएकाले वादीले गणना गरेको मूल्यांकन रकमको आधा अर्थात् रु.४,३४,३७२।- लाई मात्र व्यय कायम गरिनु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | न्यायोचित हुने भनी आधा रकम मात्र उक्त फर्निचर तथा इन्टेरियर डेकोरेशन शिर्षकमा खर्च गणना गरिएको देखिन्छ। घर मुल्यांकन प्रतिवेदनमा घर मुल्यांकनका लागि लिईएको मुल्यांकन दरमा नै १५ प्रतिशत ओभरहेड खर्च घटाई सकेको हुँदा थप घटाउनु न्यायिक सिद्धान्त विपरित देखिन्छ।<br>• **<u>बैंक खाताबाट झिकेको रकम:</u>** प्रतिवादी सचिन्द्र कुमार यादवले अनुसन्धानको क्रममा गरेको बयान तथा एभरेष्ट बैंक लि. मा निजको नाममा रहेको खाता नं. ००१००५१३२०२३८६ मा भएको कारोबारको विवरण (Account Transactions Statement) अनुसार निजले मिति २०७९।०४।११ गते सो बैंकको खाताबाट निकालेको रकम रु.९,००,०००।- घर मर्मत, स्कूल शुल्क (शैक्षिक खर्च शीर्षकमा २०७८।१२।३० सम्मको शैक्षिक शुल्क मात्र समावेश भएको हुँदा सो मिति पश्चात भुक्तानी भएको शैक्षिक खर्च वापतको रकम यस शीर्षक अन्तर्गत रहेको) तथा अन्य घरायसी कार्यहरुका लागि प्रयोग गरेको भनी खुलाई लेखी दिएकोले उक्त रकम रु.९,००,०००।- लाई निजको व्ययमा गणना गरिएको भन्ने स्पष्ट रुपमा आरोपपत्रमा खुलाई व्यय कायम गरिएको रकम रु.९,००,०००।— लाई बैंक खातामा नरहेको र अस्तित्वमा समेत नरहेको रकमलाई समेत व्ययमा गणना गरिएको विषयलाई प्रतिवादीले नमिलेको भनी जिकिर लिएकै भरमा व्ययबाट उक्त रु.९,००,०००। लाई घटाई प्रतिवादीलाई फाईदा पुग्ने गरी निजको व्यय कम गर्ने गरी भएको फैसलामा सैद्धान्तिक त्रुटी रहेको देखिन्छ।शैक्षिक खर्च शीर्षकमा मिति २०७८/१२/३० गतेसम्मको शैक्षिक शुल्क मात्र समावेश भएको हुँदा मिति २०७८/१२/३० गते पश्चात भुक्तानी भएको शैक्षिक खर्च वापतको रकम यस शीर्षक अन्तर्गत गणना गरिएकोले प्रतिवादी सचिन्द्र कुमार यादवले लिएको जिकिर बमोजिम एउटै खर्चको दोहोरो व्यय गणना भएको अवस्था देखिँदैन। निज प्रतिवादीले बैंकको खाताबाट निकालेको रकम रु.९,००,०००।- घर मर्मत, स्कूल शुल्क तथा अन्य घरायसी कार्यहरुका लागि प्रयोग गरेको भनी खुलाई लेखाई दिएको उक्त बयानलाई मौकामा व्यक्त गरेको कुरा मानी प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा (१) मा बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा उल्टो उक्त रकम सो समयमा अस्तित्वमा नरहेको भनी यति ठूलो रकमको खर्च पुष्ट्याई तर्फ बुझ्ने चेष्टासम्म नगरी सैद्धान्तिक आधार बेगर बैंकको खाताबाट निकालेको उक्त रकम रु.९,००,०००।— लाई प्रतिवादीको व्यय शिर्षकबाट घटाउने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **<u>झुट्ठा विवरण दिने कसूरका सम्वन्धमा:</u>** भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरबाट प्राप्त मिति२०७६/०६/१७ को र. नं. ८६९ख को राजिनामा लिखत समेतका कागजातबाट प्रतिवादी सचिन्द्र कुमार यादवको श्रीमति प्रतिवादी आशा कुमारी यादव र पार्वती दाहालको संयुक्त नाममा जिल्ला भक्तपुर, कटुन्जे-३ स्थित कि.नं. ४१५२ को ९७.३६ व.मि. क्षेत्रफल भएको जग्गा प्रेम प्रसाद भट्टराईबाट खरिद मूल्य रु.९,६०,५००।- र रजिष्ट्रेशन दस्तुर रु.३३,६१८।- गरी जम्मा रु.९,९४,११८।- मध्ये निज प्रतिवादीको हिस्सा बराबरको आधा रकम रु.४,८०,२५०।- मा खरिद भएको देखिन्छ।साथै, भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरवाट प्राप्त मिति२०७८/०६/१८ को र.नं. १२३१ख को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | राजिनामा लिखत समेतका कागजातबाट सोही जग्गा अनिता पोखरेल दाहाललाई बिक्री मूल्य रु.४०,००,०००।—मा पुँजिगत लाभकर रु.१,५१,९७५।- कट्टा गरी बाँकी हुन आउने रकम रु.३८,४८,०२५।- मध्ये निज प्रतिवादीको हिस्सा बराबरको आधा रकम रु.१९,२४,०१२।५० मा बिक्री भएको देखिन्छ। यसरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम प्रतिवादी सुचिन्द्र कुमार यादवले राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुरमा पेस गरेका आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ का सम्पत्ति विवरणमा उक्त जग्गाको कारोबार सम्बन्धी विवरण उल्लेख नगरी लुकाई छिपाई झुट्टा विवरण दिएको देखिदा देखिदै अदालतबाट उक्त प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादी सचिन्द्र कुमार यादव उपर लिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसूरका सम्वन्धमा केही नबोली प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी हुँदा बदर गरी पाउँ।<br>• अतः माथि विवेचित आधार र कारणहरुबाट प्रतिवादीहरुको घर बहाल आय, शेयर बिक्री आय, परामर्शदाताको कार्य गर्दाको आय, सेवा पूर्वको आय, श्रीमतीको परिश्रमिक आय, टिकाटालाबाट प्राप्त आय तथा घर निर्माण खर्च, बैंक खाताबाट झिकेको खर्च समेतबाट यी प्रतिवादी सचिन्द्र कुमार यादावले मिति२०६६।०२।२४ देखि निजले आयोग समक्ष सम्पत्ति विवरण (१३पाने) पेश गरेको मिति२०७९।०४।२९ सम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रु.९६,८५,५५३।१९ (अक्षेरेपि छयानब्बे लाख पचासी हजार पाँच सय त्रिपन्न रूपैया उन्नाईस पैसा) बराबरको सम्पत्ति गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी आशा कुमारी यादवको नाउँमा समेत राखेको देखिएको हुँदा यी प्रतिवादीले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवंम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |